# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वागमति प्रदेश नेपाल
### कृषि विकास शाखा

फोनः ०१४४५१२४

फ्याक्स१-४४५०३५६

टोल फ्रि नः१६६००१२७७७


आ.वः २०७९/०८०

च.नः

**विषयः माटो परिक्षण शिविर संचालन सम्वन्धि सुचना ।**

यस कागेश्वरी मनोहरा नगरपालिकाको आ.व मा ०७९/०८० माटो परीक्षण तथा प्रविधि वितरण / हस्तान्तरण कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका ईच्छुक कृषकहरुले आफ्नो खेत वा वारिको माटो नमुना संकलन गरि परिक्षण गर्नका लागि मिति २०७९/०६/२८ मिति २०७८/०७/१५ गते भित्र आफ्नो वडा कार्यालयमा नमुना दर्ता गराई सक्नु हुन सम्वन्धित सवैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

<u>नमुना संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु</u>

क) धेरै ठुलो जमिन वाट नमुना संकलन गर्दा एकै ठाउँवाट नमुना संकलन नगरि धेरै ठाउँ वाट संकलन गर्नु राम्रो हुन्छ । एक रोपनि जग्गावाट कम्तिमा ७- ८ वटा नमुना लिनु पर्दछ ।

ख) माटो नमुना लिदाँ अन्न तथा तरकारी वालिका लागि जमिन सतहको केहि भाग माटो हटाई ६ देखि ९ ईन्च सम्म र गहिरो जरा जाने वा फलफुल वालिका लागि ६ ईन्च देखि ३ फिट गहिराई सम्मको माटो लिन उपयुक्त हुन्छ।

ग) माटोको नमुना संकलन गरिसके पछी रुख मुनि छहारीमा वा घाम नपर्ने ठाउँमा सुकाई ओभानो हुन दिई झारपात रहित वनाउनु पर्दछ।

घ) राम्रोसंग सुकिसकेपछि सुकेको माटो लाई धुलो पारी मिसाउनु पर्दछ र आधा के.जि माटो नयाँ/सफा प्लाष्टिक वा कपडाको थैलामा हावा नछिर्ने गरि खाख्नु पर्दछ । धेरै ठाउँ वाट नमुना संकलन गरी मिसाउदा धेरै माटो भएमा त्यसलाइ सफा ठाउँमा राखि चार भाग लगाउने र विपरित दिशाको दुई भाग फालेर वाकी दुई भाग लिने । अझ धेरै भएमा पुनः यो काम दोहोर्याउने आधा के.जि माटो नमुनाको लागि लिने ।

ङ) माटो नमुना लिईसकेपछि

कृषकको नाम,ठेगानाः

माटोको किसिमः

अघिल्लो वालिमा प्रयोग गरेको मलको मात्राः

सिचांई अवस्थाः

लगाउन चाहेको वालीः

राम्रो संग लेखि टाँस्नु पर्दछ ।

च) माटो जाँच गर्ने जग्गाको माटो रगं वनावट फरक फरक छ भने फरक फरक माटोको नमुना अलग अलग संकलन गर्नु पर्दछ । ठुलो वर्षा वा पानि परे लगतै नमुना संकलन गर्नु हुदैन ।सकभर वर्षायाम अघि नमुना संकलन गर्नु पर्दछ । पानिको मुहान वा निकाश नजिक वाट पनि नमुना संकलन गर्नु हुदैन ।

छ) नमुना संकलन गर्दा आली कान्ला मल थुपारेको ठाउँ आदि वाट नमुना संकलन गर्नु हुदैन ,सकभर वालि लिई सकेपछि नमुना संकलन गर्नु पर्दछ ।

ज) थप जानकारिका लागि नगरपालिकामा रहेको कृषि विकास शाखा थलि मा सम्पर्क राख्रहुन अनुरोध छ । ०१-४४५१२४२ ९८४९४०४९२० ९८४६०९८७९०,